## पूर्वखोला गाउंपालिकाको आठौं गाउंसभामा गाउंपालिकाका उपाध्यक्ष श्री भागिरथी भट्राई द्धारा पेश गरिएको शंसोधित वार्षिक वजेट तथा कार्यक्रम

मिति २०७७ पौष २६ गते

**"शिक्षा, स्वास्थ्य सडक, कृषि पर्यटन सहितको पूर्वाधार, पूर्वखोला विकासको आधार"**

यस पूर्वखोला गाउंपालिकाको आठौ गाउँसभाका अध्यक्ष ज्यू, उपस्थित प्रमुख अतिथी प्रदेश सरकारका माननीय सांसद युवराज खनाल ज्यू, अतिथी जिल्ला समन्वय समितिका सदस्य श्री इश्वरी प्रसाद न्यौपाने ज्यू, जिल्ला समन्वय समितिका जिल्ला समन्वय अधिकारी श्री ध्रुव कुंवर ज्यू ,प्रमुख प्रशासकिय अधिकृत ज्यू, गाउं सभाका सदस्यज्यूहरु, कार्यपालिकाको कार्यालयका कर्मचारीहरु ।

स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए वमोजिम स्थानीय तहहरुले वर्षमा २ पटक गाउं सभा गर्नु पर्ने प्रावधान अनुसार आज हामी यस पूर्वखोला गाउंपालिकाको आठौं गाउंसभामा उपस्थित भएका छौ ।

पूर्वखोला गाउँपालिकाको आठौं गाउँ सभा हिउदे अधिवेशन भएको हुंदा मुलत ऐन नियम तथा कार्यविधीहरुका मस्यौदा उपर छलफल हुने भएता पनि चालु आर्थिक वर्षको लागि सातौं गाउंसभावाट स्विकृत भएको आर्थिक विनियोजनको कार्यान्वयनको सन्दर्भमा देखा परेको समस्याहरुलाई समाधान गर्नको निमित्त केही मात्रामा विनियोजन संशोधनको प्रस्ताव समेत प्रस्तुत समारोहमा पेश गरिने व्यहोरा निवेदन गर्न चाहन्छु । साथै चालु आ.व को वजेट कार्यान्वयनको मध्यकालिन अवस्था भएको हुंदा यस आ.व को अर्ध वार्षिक तथा गत आ.व को वार्षिक प्रगति समिक्षा समेत गरिने साथै केहि आयोजनाहरुको नाम शंसोधन,पालिका भित्र आवश्यक केहि वृहत आयोजनाहरु छनौट, वडा तथा पालिका स्तरवाट महशुस भएका केही समसामयिक विविध प्रस्तावहरु माथिको छलफल र चालु आ.व मा सम्पन्न भएका कार्यपालिका वैठकहरुको समिक्षात्मक अनुमोदन समेतका छलफलका विषयहरु यस गाउं सभामा प्रस्तुत हुने व्यहहोरा निवेदन गर्न चाहन्छु । यस अवसरमा मैले यहा उपस्थित प्रमुख अतिथी, अतिथी लगाएत सम्पूर्ण महानुभावहरुलाई गाउँपालिकाको उपाध्यक्षको तर्फवाट हार्दिक स्वागत गर्न चाहान्छु ।

लोकतन्त्र प्राप्तिको लागि संघर्ष एवं आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रृध्दाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते योद्धा,वेपत्ता नागरिक एवं अग्रज योद्धाहरुप्रति उच्च सम्मान गर्दछु ।

नेपालको संविधान २०७२ तथा स्थानीय शासन ऐन २०७४ मा गाउंपालिका उपाध्यक्षले कार्यक्रम तथा वजेट प्रस्तुत गर्ने व्यवस्था भए अनुसार मलाई यो अवसर प्राप्त भएकोमा म आफुलाई असाध्यै भाग्यमानी ठानेको छु ।

चालु आ.व ०७७।०७८ को लागि यस पूर्वखोला गाउंपालिका द्धारा मिति २०७७ असार १० गते का दिन सातौं गाउंसभामा जम्मा ४८ करोड ९७ लाख ६५ हजार ७ सय १० रुपैया अनुमानित आय विवरण पेश भई सोही अनुसार वार्षिक योजना तथा कार्यक्रम पारित भए पश्चात हाल कार्यान्वयन भइरहेको छ ।

चालु आ.व ०७७।०७८ को लागि जम्मा ३६२ वटा योजना तथा कार्यक्रम पारित भएको मध्ये चालु आ.व को दोस्रो चौमासिकको दोस्रो महिना सम्ममा जम्मा १५ वटा योजना तथा कार्यक्रम सम्पन्न भएको र ८५ वटा योजना कार्यान्वयनको लागि सम्झौता भइसकेको व्यहोरा यस गरिमामय सभा समक्ष जानकारी गराउन चाहन्छु ।

ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत

यस अवस्था सम्म आइपुग्दा हाम्रो सग भएको श्रोत साधनको मौजुदा अवस्थालाई ख्याल गर्दै मौज्दात रकमवाट वडाहरुमा केही नयां योजनाहरु थप गर्नुपर्ने, केहि योजनाको नाम शंसोधन गर्नुपर्ने, ऐन तथा कार्यविधीहरु तयार गरी पारित गर्नु पर्ने र गाउंपालिका तहमा समेत केहि नयां योजना तयार गरी यस गरिमामय आठौं गाउंसभावाट पारित गर्नु पर्ने प्रावधान अनुसार यो आठौ गाउंसभाको आह्वान गरिएको हो ।

गाउं कार्यपालिकाको कार्यालय संचालनको लागि स्थानीय सरकार संचालन ऐन २०७४ लाई आधार मान्दै स्थानीय सरकार संचालनको लागि आवश्यक पर्ने विभिन्न ऐन, नियम तथा कार्यविधी तयार भए अनुसार कार्यालय संचालनमा सहजता भएको छ। यस गाउंपालिका द्धारा आ.व ०७७।०७८ को हालको मिति सम्म आउंदा निम्नानुसारका ऐन तथा कार्यविधी तयार भएको व्यहोरा यस गरिमामाय सभा समक्ष जानकारी गराउन चाहन्छु। साथै तयार भएका ऐन तथा कार्यविधीहरु पारित गरियोस् भनी यस गरिमामय सभा समक्ष प्रस्ताव पेश गर्दछु ।

**निम्न**

१) विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७७
२) वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्वन्धि ऐन २०७७
३) शिक्षा नियमावली २०७७
४) शिक्षक दरवन्दी मिलान कार्यविधी २०७७
५) सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्वन्धि कार्यविधी २०७७
६) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन सम्वन्धि कार्यविधी २०७७
७) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारंभिक वातावरणीय परीक्षण कार्यविधी २०७७
८) विपद व्यवस्थापन कोष (संचालन) कार्यविधी २०७७
९) आर्थिक सहायता कार्यविधि २०७७
१०) ८० वर्ष उमेर पुगेका नागरिकहरुको स्वास्थ्य सेवा कार्यविधी २०७७
११) गाउंपालिकाको एम्वुलेन्स संचालन कार्यविधी २०७७
१२) खानेपानी कार्यविधी २०७७
१३) सुरक्षित नागरिक आवास निर्माण निर्देशिका २०७७
१४) गर्भवती महिलाको लागि हातमा अण्डा कार्यक्रम निर्देशिका २०७७

अध्यक्ष महोदय, चालु आर्थिक वर्ष २०७७।०७८ मा कार्यान्वयनको लागि पारित भएका केहि योजनाहरु गत आ.व मा संचालित योजनाकै नामवाट संचालन हुन चाहेको र उपभोक्ता समितिहरुको वैंक खाता समेत यथावत रहेको हुंदा पुरानै नामवाट योजना संचालनको लागि यस गरिमामय आठौं गाउंसभामा वडाहरुमा कार्यान्वय भईरहेका केही योजनाहरुको नाम शंसोधनको लागि वडाहरुवाट प्रस्ताव आए अनुसार केहि योजनाहरुको नाम शंसोधन सहित पारित गरियोस भनि प्रस्ताव पेश गरेको छु ।

**योजनाको नाम शंसोधनका लागि प्रस्ताव पेश गरिएको योजनाहरु**

| वडा नं | हाल भएको योजनाको नाम | संशोधन गर्नु पर्ने योजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | पोखन्दी खानेपानी योजना | पोखन्दी लिफ्ट खानेपानी योजना | |
| | सिमलभन्ज्याङ पार्क निर्माण | मनकामना मन्दिर तथा पार्क निर्माण | |
| | माझकोट महिला भवन निर्माण योजना | माझकोट हटिया महिला भवन निर्माण योजना | |

ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत

पूर्वखोला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय

| | | | |
|---|---|---|---|
| | माझकोट कइनेपानी लिफ्टिङ खानेपानी(एक घर एक धारा )योजना . | माझकोट कइनेपानी लिफ्ट खानेपानी (एक घर एक धारा) योजना | |
| | सिलुवा स्वास्थ्य चौकी सुत्केरी कुरुवा कक्ष निर्माण | सिलुवा स्वास्थ्य चौकी अल्ट्रासाउण्ड कक्ष निर्माण | |
| | छिस् होमस्टे निर्माण योजना | छिस् घिचिन ओडार पूर्वाधार निर्माण योजना | |
| | मनकामना सहकारी भवन पर्खाल निर्माण | मनकामना सहकारी पर्खाल तथा पिल्लर निर्माण | |
| | वजरे महिला भवन मर्मत योजना | महिला भवन निर्माण उपभोक्ता समिति | |
| | पङ्के भन्ज्याङ स्वास्थ्य खोप केन्द्र भवन मर्मत योजना | पङ्के भन्ज्याङ खोप क्लिनिक केन्द्र प्रतिक्षालय निर्माण | |
| २ | दद्रा माथिल्लो कुलो मर्मत योजना | दद्रा माथिल्लो कुलो मर्मत उपभोक्ता समिति | |
| ५ | जनकल्याण आ.वि विद्यालय भवन निर्माण | विज्ञान प्रयोगशाला सामाग्री तथा कम्प्यूटर खरिद | |
| | क्यापिन सिचाई योजना | क्यापिन खानेपानी योजना | |
| | गणपती मा.वि पूर्वाधार निर्माण | अंग्रेजी ब्लक भवन निर्माण | |
| | विरकोट स्पोट क्लव ब्याडमिन्टन कभर्ड हल निर्माण | विरकोट स्पोट क्लव ब्याडमिन्टन कभर्ड हल जग्गा खरिद तथा व्यवस्थापन | |
| | विरकोट रिङ्नेरह मोटर वाटो कालोपत्रे योजना | विरकोट रिङ्नेरह मोटर वाटो स्तरोन्नती ( क्रमागत) | |

अध्यक्ष महोदय, चालु आ.व ०७७।०७८ मा वार्षिक योजना कार्यान्वयनकै शिलशिलामा केहि योजनाहरुको लागि विनीयोजित रकमवाट थप आर्थिक दायित्व श्रृजना नहुने गरी विनियोजित वजेट शंसोधन गरी नयां योजनाको लागि वजेट मिलान गर्नु पर्ने भएको हुंदा सोही अनुसार शंसोधित योजना तथा वजेट पेश गर्न चाहन्छु ।

तपसिल

क) वडा तहका योजनाहरु

| वडा नं | हाल भएको योजना /कार्यक्रमको नाम | विनियोजन रकम रु | शंसोधन भएको योजनाको नाम | विनियोजित रकम रु |
|---|---|---|---|---|
| २ | तल्लो कुलो सिचाई निर्माण | ५०००० | खैरेनी तल्लो कुलो मर्मत | ५०००० |
| २ | जल्पा स्वास्थ्य चौकी निर्माण | ५०००० | साठीकोल सामुदायिक स्वास्थ्य इकाई मर्मत तथा व्यवस्थापन | ५०००० |
| ३ | चालु सडक मर्मत | ६००००० | शिव दुर्गा मन्दिर मर्मत तथा व्यवस्थापन | १००००० |
| ३ | अर्खलडाडा खानेपानी कमागत योजना | १००००० | अर्खलडाडा खानेपानी योजना | ३००००० |
| ३ | अर्खलडाडा कोरंगा खानेपानी योजना | २००००० | | |

ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | अर्खलडाडा गाउंघर क्लिनिक भवन मर्मत | ५०००० | अर्खलडाडा गाउघर क्लिनिक व्यवस्थापन | ५०००० |
| ३ | गरंगाखोला फड्के मिनी पुल निर्माण | ५०००० | गरंगाखोला फलामे पुल निर्माण | १००००० |
| ४ | चालु सडक मर्मत योजना नभएको | ० | देविनगर चालु सडक मर्मत | ५००००० (मर्मत संभार कोषवाट) |
| ४ | डोडखोला पुल पहिरो व्यवस्थापन | ३५००० | मन्दिर देखि मंगला वजार ग्राभेल | ३५००० |
| ५ | लक्षित वर्गको कार्यक्रम नभएको | ० | लक्षित वर्गको कार्यक्रम संचालन | ५००००० (क्षमता विकास शिर्षकवाट) |
| ५ | जि.वि एच ट्रस निर्माण | १००००० | | १००००० |
| ५ | मौलाथर नवदुर्गा देवि मन्दिर घेरावार योजना | ५०००० | मौलाथर नवदुर्गा मन्दिर ट्रस निर्माण तथा घेरावार योजना | १००००० |
| ५ | मौलाथर नवदुर्गादेवी ट्रस निर्माण | ५०००० | | |
| ५ | आफरडाडा खा.पा टंकी निर्माण योजना | ३००००० | भर्से ट्रस भवन निर्माण योजना | ३००००० |
| ६ | आलु खरिद | १००००० | पिडालु खरिद | १००००० |
| ६ | हेक्लाङ खेलकुंद सामाग्री खरिद | २००००० | भलिवल खेल कार्यक्रम | २००००० |
| | स्वास्थ्य विमा कार्यक्रम | ७००००० | गाउंघर क्लिनिक यातायात खर्च | १००००० |
| | आदिवासी जनजाती महासंघ कार्यक्रम संचालन | २००००० | आदिवासी मगर दिवस | १००००० |
| | | | आदिवासी जनजाती महासंघ भवन निर्माण | १००००० |

अध्यक्ष महोदय, अव म यस गरिमामय सभा समक्ष आ.व ०७७।०७८ को गाउंसभामा वजेट विनियोजन हुन छुट भएका र वजेट श्रोत सहित थप भएका गाउंपालिका स्तरिय केहि योजना तथा कार्यक्रमको लागि वजेट थप गर्नु पर्ने भएको हुंदा सो सम्वन्धि प्रस्ताव पेश गर्न चाहन्छु ।

**ख) गाउंपालिका तहका योजनाहरु**

| सि.नं | नयां थप योजनाको नाम | विनियोजन रकम रु | कैफियत |
|---|---|---|---|
| १ | पोखन्दी लिफ्ट खानेपानी पहुंच मार्ग | १०००००० | वडा नं १ |
| २ | डिजीटल प्रोफाइल भुक्तानी | ४००००० | पालिका |
| ३ | सेवा परामर्श | १५००००० | पालिका |
| ४ | खानेपानी एक घर एक धारा | ५००००० | पालिका |
| ५ | सिलुवा स्वास्थ्य चौकी (वर्थिङ सेन्टर) | ५००००० | वडा नं १ |
| ६ | स्मार्ट कृषि कार्यक्रम | १०००००० | वडा नं २ मैदान |
| ७ | कृषि वस्तु निर्यातको लागि गाडी खरिद | १२५०००० | वडा नं ६ |
| ८ | अर्खलडाड खानेपानी योजना | १२००००० | वडा न. ३ |

ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ९ | १५ शैयाको अस्पताल | १००००००० | वडा नं ५ |

अध्यक्ष महोदय, अव म यस गरिमामय सभा समक्ष आ.व ०७७।०७८ को गाउंसभामा वजेट विनियोजन भएको तर हाल वजेट रकमान्तर गर्नु पर्ने विभिन्न योजना तथा कार्यक्रम प्रस्ताव स्वरुप पेश गर्न चाहन्छु ।

| सि.नं | कार्यक्रम/योजना | विनियोजित रकम | हाल सम्मको खर्च | प्रस्तावित रकमान्तर रकम | वांकी रु |
|---|---|---|---|---|---|
| १ | कर्मचारी प्रोत्साहन भत्ता | ५००००० | ० | ३००००० | २००००० |
| २ | गत वर्षको योजना भुक्तानी | १५०००००० | १२९००००० | ६००००० | १५००००० |
| ३ | कृषि क्षमता विकास तालिम | १५०००० | ० | १००००० | ५०००० |
| ४ | ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम | १२५००० | ० | १२५००० | ० |
| ५ | दुग्ध उत्पादनमा आधारित अनुदान | १७५००० | ० | १७५००० | ० |
| ६ | पुर्वखोला युवा रोजगार | १०००००० | ० | १०००००० | ० |
| ७ | वाँझो जग्गा अन्नखेती अनुदान | ४००००० | ० | ४००००० | ० |
| ८ | पशु विकास तालिम | २००००० | ० | २००००० | ० |
| ९ | लकडाउनमा स्वयंसेवक शिक्षक शिक्षिका अनुदान | ३५००००० | ० | २५००००० | १०००००० |
| १० | विपद कार्ययोजना निर्माण | ५००००० | ० | २००००० | ३००००० |
| ११ | शिप तथा क्षमता विकास | १५००००० | ० | ७००००० | ८००००० |
| १२ | कोभिड कोष | १०००००००० | १५००००० | १५००००० | ३५००००० |
| १३ | कर्कटपाता खरिद | १०००००० | ० | १०००००० | ० |
| १४ | सभाहल निर्माण | ४०००००० | ० | ४०००००० | ० |

अध्यक्ष महोदय, अव म यस गरिमामय सभा समक्ष आ.व ०७७।०७८ को गाउंसभामा वजेट श्रोत सहित थप भएका योजना तथा कार्यक्रम पेश गर्न चाहन्छु ।

| सि.नं | योजना तथा कार्यक्रमको नाम | वडा नं | प्रस्तावित वजेट रु | वजेट श्रोत |
|---|---|---|---|---|
| १ | १५ शैयाको अस्पताल | ५ | १७ करोड | केन्द्र सरकार |
| २ | सिलुवा स्वास्थ्य चौकी (वर्थिङ सेन्टर) | १ | २० लाख | प्रदेश सरकार |
| ३ | पोखन्दी लिफ्ट खानेपानी पहुच मार्ग | १ | १० लाख | प्रदेश सरकार |
| ४ | अर्खलडाडा खानेपानी योजना | ३ | १२ लाख | प्रदेश सरकार |

अध्यक्ष महोदय, अव म यस गरिमामय सभा समक्ष आ.व ०७७।०७८ को गाउंसभामा वडाहरुवाट वजेट तथा कार्यक्रम थप गर्नको लागि प्रस्ताव पेश भएका योजना तथा कार्यक्रम पेश गर्न चाहन्छु ।

| वडा नं | योजना तथा कार्यक्रमको नाम | प्रस्तावित वजेट रु | वजेट श्रोत |
|---|---|---|---|
| १ | ताल्तुङ तामाखानी सामुंगा मोटर वाटो | ५००००० | |
| १ | माझकोट कैनपानी धारा मो.वा | ५०००० | |
| १ | वहिछाप लिफ्ट खानेपानी योजना | १८०००० | |
| २ | जल्पा वजार ढल व्यवस्थापन | १००००० | |
| २ | ढोलीमार ढिकी निर्माण | १००००० | |

ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| २ | वरेन्दी वाटो स्तरोन्नती | १००००० | |
| २ | शंम्भु मा.वि पर्खाल निर्माण योजना | १००००० | |
| २ | वासटारी खैरेनी कुलो मर्मत | ५०००० | |
| २ | मुढेखर्क सुविडाडा मोटर वाटो | १००००० | |
| २ | जल्पा स्वास्थ्य चौकी मर्मत तथा व्यवस्थापन | ७५००० | |
| २ | कुखुरे सिंचाई कुलो निर्माण योजना | २६००० | |
| ३ | उदवुद्ध मा.वि ट्रस्ट निर्माण | २००००० | |
| ४ | केरौली लिफ्ट खानेपानी योजना | ५०००० | |
| ४ | काफलडाडा झ्यामिरे मोटर वाटो निर्माण | १००००० | |
| ४ | स्वास्थ्य चौकी व्यवस्थापन | ५०००० | |
| ४ | घोर्लिखरक पुल जोड्ने वाटो | ६०००० | |
| ४ | भिमसेन मन्दिर निर्माण मंगला | ५०००० | |
| ५ | पोखरीछाप वार्झे मो.वा | ६०००० | |
| ५ | खल्लुक भन्ज्याङ ढापडाडा भोर्से कुहुर मो.वा | १५०००० | |
| ५ | मारुनीटोल खानेपानी निर्माण योजना | २००००० | |
| ५ | लामोभट्टी मालेखरक सातविसे मोटर वाटो | १००००० | |
| ६ | लाकुरी लिफ्ट खानेपानी | १५०००० | |
| | जम्मा रु | २५५१००० | |

अध्यक्ष महोदय, अव म यस गरिमामय सभा समक्ष केन्द्र सरकार तथा प्रदेश सरकार समक्ष प्रस्ताव गरीएका योजनाहरु पेश गर्न चाहन्छु ।

| सि.नं | योजना तथा कार्यक्रमको नाम | वडा नं | प्रस्तावित वजेट रु | वजेट श्रोत |
|---|---|---|---|---|
| १ | नौविसे कोलडाडा शिव दुर्गा मन्दिर जाने मोटरेवल पुल | ३ | ० | केन्द्र सरकार |
| २ | पालिका प्रशासनिक भवन | ० | ० | केन्द्र सरकार |
| ३ | ओलाम्दी वृहत लिफ्ट खानेपानी | १,३,५,६ | ० | केन्द्र सरकार |
| ४ | पोखन्दी लिफ्ट खानेपानी | १ | ० | केन्द्र तथा प्रदेश सरकार |
| ५ | पूर्वखोला तटवन्धन तथा सडक निर्माण | ३ | ० | केन्द्र सरकार |
| ६ | खल्लुक भन्ज्याङ विर्ता वजार पक्कि सडक निर्माण | ३ र ५ | ० | प्रदेश तथा केन्द्र सरकार |
| ७ | मन्दिरडाडा साखिने खानेपानी योजना | वडा नं २ र ३ | ० | प्रदेश सरकार |
| ८ | हुमिन देविनगर जल्पा मोटरवाटो | वडा न· ४ र २ | ० | केन्द्र तथा प्रदेश |
| ९ | रिङनेरह दार्सिङभन्ज्याङ रामपुर मोटर वाटो | १ र ३ | ० | प्रदेश सरकार |
| १० | सेर्कावास हेक्लाङ मोटर वाटो निर्माण | ६ | ० | प्रदेश सरकार |
| ११ | जल्पा खेलकुद मैदान निर्माण | २ | ० | केन्द्र तथा प्रदेश सरकार |

ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत

पूर्वखोला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय

| | | | | |
|---|---|---|---|---|
| १२ | वाम्दिखोला वृहत लिफ्ट खानेपानी योजना | २, ३,४ र ५ | ० | प्रदेश सरकार |
| १३ | विरुवा खोला पक्कि पुल | १ | ० | प्रदेश सरकार |
| १४ | जल्पा रिङ्नेरह मोटर वाटो | २ र ३ | ० | प्रदेश सरकार |
| १५ | पर्नेदि लिफ्ट खानेपानी | ६ | ० | प्रदेश सरकार |
| १६ | कभर्ड हल निर्माण विरकोट | ५ | ० | प्रदेश सरकार |
| १७ | कभर्ड हल निर्माण रिङ्नेरह | ३ | ० | प्रदेश सरकार |
| | देवीनगर कभर्ड हल निर्माण | ४ | ० | प्रदेश सरकार |
| १८ | सिलुवा स्वास्थ्य चौकी भवन निर्माण | १ | ० | केन्द्र सरकार |

अध्यक्ष महोदय, अव म यस गरिमामय सभा समक्ष यस पूर्वखोला गाउंपालिकाको आगामी आर्थिक वर्ष ०७८।०७९ को लागि प्रस्तावित आय तथा व्यव विवरण पारित होस भन्दै प्रस्ताव स्वरुप पेश गर्न चाहन्छु ।

## प्रस्तावित आय विवरण

| क.स. | शिर्षक | अनुमानित आय | कैफियत |
|---|---|---|---|
| १ | **राजश्व** | | |
| क | आन्तरिक आय | १०००००००० | स्थानीय |
| ख | राजश्व वांडफाड | ८०००००००० | संघ |
| ग | राजश्व वांडफाड | ४५०००००० | प्रदेश सरकार |
| जम्मा रु | | **९४५००००००** | |
| २ | **वित्तिय हस्तान्तरण** | | |
| **क** | वित्तिय समानिकरण अनुदान | | |
| | संघ | ९०००००००० | संघ |
| | प्रदेश | ५२०००००० | प्रदेश सरकार |
| | जम्मा रु | **९५२००००००** | |
| ख | शर्सत अनुदान | २००००००००० | संघ |
| ग | समपुरक अनुदान | २०००००००० | संघ |
| घ | विशेष अनुदान | २०००००००० | संघ |
| ङ | शर्सत अनुदान | २०००००००० | प्रदेश |
| च | विशेष अनुदान | २०००००००० | प्रदेश |
| छ | समपुरक अनुदान | २०००००००० | प्रदेश |
| | **जम्मा रु** | **३०००००००००** | |
| जम्मा क देखि छ सम्म | | ९५२०००००० + ३००००००००० = रु ३९५२०००००० | |
| **कुल जम्मा (१ र २ ) जम्मा रु** | | ३९५२००००००+९४५०००००० = रु ४८९७०००००० | |
| ३ | सशर्त, समपुरक र विशेष वाहेकको जम्मा विनियोजन गर्नु पर्ने वजेट रु | १८९७०००००० | |
| | पुंजीगत खर्च | २३००००००० | |
| | चालु | ७००००००० | |
| | जम्मा रु | **४८९७०००००** | |

ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत

पूर्वखोला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
५ नं. प्रदेश नेपाल
२०७३

यसरी जम्मा रु

| | | | |
|---|---|---|---|
| १ | संघीय वजेट जम्मा रु | ४०००००००० | |
| २ | प्रदेश वजेट जम्मा रु | ७९७००००० | |
| ३ | आन्तरिक श्रोत | १०००००० | |
| | कुल वजेट रु | ४८९७००००० | |

प्रस्तावित व्यय विवरण

| सि.नं | विषय क्षेत्र | प्रस्तावित वजेट रु | कैफियत |
|---|---|---|---|
| १ | सामाजिक विकास | २५६०००००० | |
| २ | आर्थिक विकास | ४५०००००० | |
| ३ | पूर्वाधार विकास | १०८७००००० | |
| ४ | सुसासन तथा अन्तरसम्वन्ध | १०००००० | |
| ५ | प्रसासनिक | ७०००००० | |
| | जम्मा रु | ४८९७००००० | |

अध्यक्ष महोदय, गाउंपालिका अन्तर्गत गठित विभिन्न समितिहरुलाई सकृयता दिने कार्यमा कार्यपालिकाका सदस्यहरुको ठूलो भुमिका हुने हुंदा आफ्नो आफ्नो जिम्मामा रहेका समितिहरुको नियमित वैठक वस्ने समिक्षा गर्ने जस्ता कार्यमा सकृयता वढोस भन्ने चाहन्छु। त्यसैगरी गाउंपालिका स्तरको न्यायिक समितिमा यस दोस्रो चौमासिक सम्ममा जम्मा ३ वटा उजुरी दर्ता भइ छलफलको कममा रहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

त्यसैगरी गाउंपालिका भित्र भइरहेका विकास निर्माणको काममा सवैको सकृयताको अपेक्षा साथ चालु आ.व को दोस्रो चौमासिक सम्म आउंदा यस पालिका भित्र केहि ठूला योजनाहरु कार्यान्वयनको अवस्थामा रहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

१) खल्लुक भन्ज्याङ विर्ता वजार मोटर वाटो स्तरोन्नती (ठेक्का मार्फत)
२) गाउंपालिकाको सभाहल निर्माण (ठेक्का मार्फत)
३) गाउंपालिका स्तरको १५ शैयाको अस्पताल निर्माण (ठेक्काको लागि प्रकृयामा रहेको)
४) हेक्लाङ स्वास्थ्य चौकी भवन निर्माण (ठेक्का भएको)
५) सिलुवा स्वास्थ्य चौकी वर्थिङ सेन्टर भवन (प्रकृयामा रहेको)
६) ५ वेडको कोभिड अस्पताल (संचालनमा रहेको)
७) सेर्कावास हेक्लाङ मोटरवाटो स्तरोन्नती (ठेक्का मार्फत)
८) २ वटा झोलुंगे पुलको निर्माण (
९) कोन्धेखोला पक्की पुल निर्माण (प्रदेश सरकार मार्फत ठेक्का द्धारा)
१०) हुमिन रिङ्नेरह मोटर वाटो स्तारोन्नती (प्रदेश सरकार मार्फत ठेक्का द्धारा)
११) बाखा पकेट कार्यकम वडा नं २
१२) मुख्य मन्त्री ग्रामिण विकास कार्यकम (कार्यान्वयनको अवस्थामा)

अध्यक्ष महोदय, अव म यस गरिमामय सभा समक्ष केहि समयामयिक प्रस्तावहरु पारित गर्नको लागि प्रस्ताव पेश गर्न चाहन्छु ।

१) गाउंपालिकामा एम्वसुलेन्स सहित २ वटा गाडी संचालनको लागि २ जना सवारी चालकको आवश्यकता भए अनुसार २ वटा सवारी चालकको अस्थाई दरवन्दी थप गर्न प्रस्ताव पेश गरेको छु ।

ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत

पूर्वखोला गाउंपालिका
गाउँकार्यपालिकाको कार्यालय
पूर्वखोला,पाल्पा
२०७३

२) गाउंपालिकामा एक जना सहायक कम्प्युटर अपरेटर कार्यरत रहेको हुंदा सहायक कम्प्यूटर अपरेटरको लागि १ वटा अस्थाई दरवन्दी श्रृजना गर्न प्रस्ताव पेश गरेको छु ।

३) यस पूर्वखोला गाउंपालिका अन्तर्गत कृषि विकास शाखा तथा पशु विकास शाखामा स्थाई कर्मचारी नहुंदा कार्यक्रम संचालन गर्न कठिनाई भएको हुंदा प्रदेश लोक सेवा आयोग मार्फत तपसिल वमोजिमका स्थाई कर्मचारीहरु माग गर्न प्रस्ताव पेश गरेको छु ।

तपसिल

**क) कृषि विकास शाखा तर्फ**

| | |
|---|---|
| कृषि विकास अधिकृत | १ जना |
| प्राविधिक सहायक | १ जना |
| नायव प्राविधीक सहायक | ३ जना |

**ख) पशु सेवा शाखा तर्फ**

| | |
|---|---|
| पशु विकास अधिकृत | १ जना |
| प्राविधिक सहायक | १ जना |
| नायव प्राविधीक सहायक | ३ जना |

४) विधेयक समिति द्धारा तयार गरिएको माथि उल्लेखित ऐन, नियम तथा कार्यविधीहरु पारित गर्न प्रस्ताव पेश गरेको छु ।

५) पूर्वखोला गाउंपालिकाको केन्द्रलाई आधार मान्दै तल्लो क्षेत्रको उपयुक्त स्थानमा १० शैयाको अस्पताल संचालन गर्नु पर्ने आवश्यकता भए अनुसार सो कार्यको लागि कार्य योजना तयार गरी सम्वन्धित निकायमा प्रस्ताव पेश गर्नको लागि प्रस्ताव पेश गरको छु ।

६) पूर्वखोला गाउं कार्यपालिका तथा सो अन्तर्गत गठित विभिन्न समितिहरु द्धारा मिति २०७७।०४।०१ गते देखि मिति २०७७।०९।२५ गते सम्म विभिन्न मितिमा बैठक वसि छलफल पश्चात गरेका सम्पूर्ण निर्णयहरु पारित होस भनि प्रस्ताव पेश गरेको छु ।

७) यस पूर्वखोला गाउं कार्यपालिकाको कार्यालयमा कार्यरत रहेका प्राविधीक कर्मचारीहरु कामको शिलशिलामा अहोरात्र खटिन पर्ने र कार्य व्यस्तता अधिक भएको तर कार्यालयको तर्फवाट दिएको प्राविधीक फिल्ड भत्ता कम भएको आधारमा मिति २०७७ माघ १ गते देखि लागु हुने गरी तपसिल वमोजिम फिल्ड भत्ता उपलव्ध गराउन प्रस्ताव पेश गरेको छु ।

तपसिल

क) इन्जिनियर प्रति महिना फिल्ड भत्ता रु ८०००।००

ख) सहायक इन्जिनियर प्रति महिना फिल्ड भत्ता रु ६०००।००

ग) असिस्टेन्ट सव इन्जिनियर प्रति महिना फिल्ड भत्ता रु ५०००।००

८) यस गाउंपालिकाको चालु आ.व ०७७।०७८ को आठौं गाउंसभा तयारी देखि सम्पन्न गर्दा सम्म गाउं कार्यपालिकाको कार्यालयका कर्मचारीहरु कार्यालय समय भन्दा वढी समय तथा विहान वेलुका र विदाको दिन समेत अहोरात्र खटिनु परेको हुंदा कर्मचारीहरुलाई प्रोत्साहन गर्नको लागि प्रोत्साहन स्वरुप तपसिल वमोजिमको रकम उपलव्ध गराउन प्रस्ताव पेश गरेको छु ।

ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

क) प्रमुख प्रशासकीय अधिकृत सहित विभागीय अधिकृतहरु ५ दिन वरावरको भत्ता
ख) अन्य सम्पूर्ण कर्मचारीहरु २ दिन वरावरको भत्ता

९) यस पूर्वखोला गाउंपालिका द्वारा वडा नं ३ स्थित सार्वजनिक शौचालय संगै निर्माण गरीएको १ कोठाको सटर कार्यालयले मिति २०७६ मार्ग १० गते देखि लागु हुने गरी पूर्वखोला गाउंपालिका वडा नं ३ का श्री टिकाराम पाण्डेलाई मासिक रु १५५०।०० मा २ वर्षको लागि भाडामा लगाएकोमा उक्त सटर मिति २०७६ चैत्र महिना देखि शुरु भएको लक डाउनमा सटर संगैको अंग्रेजी ब्लकमा कोभिड क्वारेन्टाइन संचालन भए पश्चात २०७७ वैशाख,जेठ र असार महिना पटक पटक वन्द गर्नु परेको हुंदा उक्त ३ महिनाको भाडा मिनाहा गरिदिन प्रस्ताव पेश गरेको छु ।

१०) यस पूर्वखोला गाउंपालिकामा प्रदेश सरकारको सहयोगमा निर्माण भइरहेको सभा हल को दोस्रो तल्ला थप गरी कार्य सम्पन्न गर्नको लागि लुम्विनी प्रदेश सरकार संग थप वजेट माग गर्ने प्रस्ताव पेश गरेको छु ।

अध्यक्ष महोदय, तथा सभाका सदस्य ज्यू हरु चालु आ.व को यस हिउदे अधिबेशनमा प्रस्ताव स्वरुप पेश गरिएका सवै निर्णयहरु यस गरिमामय सभावाट पारित होस भन्ने प्रस्तावका साथ सभाका प्रमुख अतिथी, अतिथी तथा सभाका सदस्य ज्यू हरुलाई धन्यवाद दिदै विदा हुन चाहन्छु ।
धन्यवाद ।

भागिरथी शर्मा भट्राई
उपाध्यक्ष
पूर्वखोला गाउंपालिका, पाल्पा

गाउंपालिकाका उपाध्यक्ष श्री भागिरथी भट्राई ज्यू ले प्रस्तुत गर्नु भएको वजेट शसोधन, थप योजनाहरु, रकमान्तर,आगामी आ.व ०७८।०७९ को प्रस्तावित आय तथा व्यव विवरण र केहि समसामयिक प्रस्तावहरु माथि व्यापक छलफल भई सोही प्रस्तावलाई गाउंसभाका अध्यक्ष श्री नुन वहादुर थापा ज्यू ले **हुन्छ भन्ने सदस्यहरुले हुन्छ भन्नु होला हुन्न भन्ने सदस्यहरुले हुन्न भन्नु होला** भनी सभामा निर्णयार्थ पेश गर्दा सभाका सम्पूर्ण सदस्य ज्यू हरुले **हुन्छ** भनि उक्त प्रस्तावको पक्षमा मत जाहेर गरेकोले प्रस्ताव स्वरुप पेश गरिएका सम्पूर्ण प्रस्तावहरु पारित भएको घोषणा गर्नुभयो ।

ज्ञानु प्रसाद पनेरु
प्रमुख प्रशासकीय अधिकृत